# भाग ५

नेपाल सरकार

स्थानीय विकास मन्त्रालयको सूचना

नेपाल सरकारले जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँ विकास समितिमा देहायका पदाधिकारीलाई स्थानीय पञ्जिकाधिकारी (रजिष्ट्रार) तोकेकोछः-

१. महानगरपालिका, उप-महानगरपालिका र काठमाडौं उपत्यका भित्रका नगरपालिकाको हकमा सम्बन्धित महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको वडा सचिव,

२. काठमाडौं उपत्यका वाहेक अन्य नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकाको वडा सचिव वा वडा सचिव नभएको अवस्थामा पञ्जिकाधिकारी (रजिष्ट्रार) को सहमतिमा नगरपालिकाको सचिवले तोकेको स्थानीय निकायको कर्मचारी,

३. गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको सचिव र गाउँ विकास समितिको सचिव नभएको गाउँ विकास समितिमा पञ्जिकाधिकारी (रजिष्ट्रार ) ले तोकिदिएको स्थानीय निकायको कर्मचारी ।

मिति २०३४ माघ २४, खण्ड २८, संख्या ३६, मिति २०३५ पुष १०, खण्ड २९, पूर्वातिरिक्ताङ्क ५९+(क), मिति २०३६ फागुन १, खण्ड ३०, संख्या ३०, मिति २०३७ कार्तिक २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन गृह पञ्चायत मन्त्रालयको सूचना, खण्ड ३१, संख्या ३१, मिति २०३८ मंसिर १ र खण्ड ३९, संख्या ४८, मिति २०४६ चैत्र ६ को नेपाल राजपत्रमा प्रकाशित गृह मन्त्रालयको सूचना खारेज गरिएका छन् ।

आज्ञाले,
कृष्ण ज्ञवाली
नेपाल सरकारको सचिव

३१८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार
उद्योग मन्त्रालयको सूचना

नेपाल सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको दफा ३ को खण्ड (छ) मा रहेको निर्माण उद्योगमा देहायको उद्योगलाई समावेश गरेको छः-

"टेलिफोन टावर निर्माण गरी सञ्चालन गर्ने ।"

आज्ञाले,
प्रताप कुमार पाठक
नेपाल सरकारको सचिव

नेपाल सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १२७ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) वमोजिमको सम्वद्धता निर्धारण समितिद्वारा वढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेका Khwopa Engineering College को Master of Engineering in Earthquake उपाधिलाई नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूहसंग सम्वद्धता गर्ने निर्णय भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
दीप वस्न्यात
नेपाल सरकारको सचिव



२५८

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।